# खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप

**ताराबहादुर थापा**
सह-प्राध्यापक, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज

**लेख सार**

**औपचारिक शिक्षाको पहुँचबाट टाढा भएका जाति, वर्ग वा क्षेत्र विशेषका व्यक्तिलाई शिक्षाको पहुँचमा पुऱ्याउन खुला विद्यालयको अवधारणा ल्याइएको छ। विशेषतः अवसरबाट वञ्चित समुदाय, महिला तथा कामदारहरूलाई शिक्षाको अधिकारको सुनिश्चितता गर्न औपचारिक शिक्षाको पहुँच पुऱ्याई उनीहरूको व्यक्तित्व विकासका अवसर दिन दुर शिक्षा प्रणालीबाट शिक्षा प्रदान गर्न खुला विद्यालयले उल्लेखनीय भूमिका खेलेको छ। खुला विद्यालयले खुला सिकाइ पद्धति तथा दुर शिक्षाअन्तर्गत उच्च शिक्षाका लागि औपचारिक कार्यक्रमहरू अनौपचारिक रूपमा लक्षित सिकारुहरूलाई तोकेर शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ। यसका लागि विभिन्न प्रकारका सञ्चारका माध्यमहरू, जस्तो : भिडियो, सिनेमा, टी.भी., रेडियो, कम्प्युटर आदि प्रयोग गरिएको हुन्छ। त्यसैले एकातिर खुला सिकाइको आवश्यकता दिनानुदिन बढ्दै गइरहेको अवस्था छ भने अर्कातिर यो प्रभावकारी पनि बन्दै गएको छ। यस अर्थमा पनि हाम्रो जस्तो विकासोन्मुख देशले पनि अन्य मुलुकको अनुभवका आधारमा खुला शिक्षा पद्धतिलाई व्यवस्थित गर्नेतर्फ प्रयत्न गर्न जरुरी छ। यो लेख खुला विद्यालयको शैक्षिक अवस्था, शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्या र त्यसको समाधानका उपायहरूको उजागर गर्नेतर्फ केन्द्रित हुन जोड दिनु आवश्यक देखिन्छ।**

## पृष्ठभूमि

खुलाको शाब्दिक अर्थ सिमाना नभएको अर्थात् जसले पनि लिन एवम् हेर्न सक्ने, लचिलो प्रकृतिको हो। यस अर्थमा पनि खुला शिक्षाको अर्थ विद्यालय नचाहिने, परिवर्तन घेराभित्र सीमित गर्न नसकिने, औपचारिक नियमभित्र मात्र बाँध्न नसकिने, सिकारु स्वयम् सक्रिय हुन सक्ने भनी अर्थ्याएको छ। अतः खुला शिक्षा विशिष्ट प्रकृतिको शिक्षा हो। तसर्थ खुला विद्यालय भन्नाले यस्तो शिक्षण संस्थालाई जनाउँछ जसले विभिन्न कारणले विद्यालय शिक्षाको अवसरबाट वञ्चित समूहको आवश्यकताअनुरूप शिक्षा प्रदान गर्दछ। नियमित कक्षामा पुरा समय दिन असमर्थ हुनेहरूका लागि स्वाध्ययनबाट न्यूनतम आवश्यकता पुरा गरेर शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। खुला विद्यालयमा शिक्षा खुला हुन्छ भन्दैमा यसको कुनै पनि सीमा रहँदैन भन्ने चाहिँ होइन। यसका लागि केही पनि औपचारिकता आवश्यक पर्दैन भन्ने सोच पनि होइन। यसबाट औपचारिक शिक्षा लिनबाट वञ्चित व्यक्ति वा वर्गले शिक्षाको सहज अवसर प्राप्त गर्दछ (थापा, २०७०)।

सहजकर्ता तथा शिक्षाका लागि सहयोग गर्ने ब्यक्ति र सिकारुबिच आमुन्ने सामुन्नेको दुरी टाढा रहेर पनि मुद्रित वा श्रव्य-दृव्य शैक्षिक सामग्रीको माध्यमबाट शिक्षा प्राप्त गर्न सक्छन्। यसका केही निश्चित नापहरू रहेका हुन्छन्, जस्तैः लक्ष्य/उद्देश्य, पाठ्यक्रम तथा कार्यक्रम, सिकारु रणनीति, तरिका तथा प्रविधि, सिकाइ स्रोत, सामग्री, सूचना, सञ्चार तथा संवाद सहयोग पद्धति, सिकारु, सहज कर्ता, सिकाइ व्यवस्था पद्धति, मूल्याङ्कन पद्ति आदि (UNESCO, 2002)। खुला शिक्षा पद्धति आजका विश्वव्यापीकरण र ज्ञानको विस्फोटमा जीवन पर्यन्त सिकाइका लागि अनिवार्य आवश्यकता बनिसकेको छ। विशेषतः पिछडिएको वर्ग, औपचारिक शिक्षा पाउने अवस्थाको सिर्जना गर्न नसकेका समूह तथा शिक्षालाई निरन्तरता दिन चाहने पेसाकर्मीलाई समेत यस पद्धतिले शैक्षिक अवसर प्रदान गर्दछ (गौतम, २०६६)। राष्ट्रको मूल प्रवाहीकरण र उन्नतिका लागि शिक्षा नै साध्य र साधन दुवै भएकाले मुलुकमा विद्यमान गरिबी, पछचौटे पन, परम्परागत सोचलाई हटाउन खुला शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको छ। विशेषगरी महिला, निम्न आय भएका दलित परिवार र काम गर्दै आफ्नो जीवनलाई अगाडि बढाउन चाहने व्यक्तिहरूका लागि खुला शिक्षाको आवश्यकता पर्दछ (बराल, २०६६)। संस्कार

बदल्नका लागि शिक्षा चाहिन्छ । सबैका लागि शिक्षा दिने एक महत्त्वपूर्ण माध्यम भनेको खुला सिकाइ नै हो । विद्यालयहरू बन्दिला भएकाले सबैका लागि शिक्षा पुऱ्याउन सकिएन । यसैले तिनमा खुला मोडहरू भित्र्याउन दूर तथा खुला सिकाइको आवश्यकता परेको हो । आधुनिक संसारमा समायोजन हुनका लागि एकल अर्थ्याईले नपुग्ने हुँदा बहुल अर्थ्याइको खोजी हुन थाल्यो । भावनागत विकल्पहरू खोजिन थालियो । यसले विद्यालयीय शिक्षाबाटै सबैका निम्ति शिक्षा सुनिश्चित हुन्छ भन्ने सङ्कुचित सोचबाट मुक्त भई खुला दिलले शिक्षामा प्रवेश गर्ने तरिका नै खुला सिकाइ हो, जसको प्रकृति लचिलो र विश्वव्यापी प्रवृत्तिको हुन्छ (कोइराला, २०६८) ।


**खुला विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप**

शिक्षा नियमावली २०५९ ले व्यवस्था गरेअनुसार शैक्षिक जनशक्ति विकास केन्द्रको खुला सिकाइ महाशाखाले माध्यमिक तहको खुला विद्यालयको सम्बन्ध तथा सञ्चालन दिने अख्तियारी प्रदान गरेको थियो । तत्पश्चात् विद्यालय शिक्षाको पहुँचबाहिर रहेका बाल बालिकालाई दृष्टिगत गरी सबैका लागि शिक्षाको अवसर प्रदान गर्ने सिलसिलामा विद्यालय शिक्षाको अवसरबाट वञ्चित पिछडिएका समुदाय, जनजाति, महिला, दलित आदिका लागि पनि माध्यमिक शिक्षामा अवसर वृद्धि गर्न, स्वाध्ययन र अभ्यासद्वारा आफ्नो अनुकूलको समय मिलाएर आफ्नै क्षमता र गतिमा सिकाइ हासिल गर्न सरकारले खुला शिक्षा नीति तथा निर्देशिका, २०६३ र खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका २०६७ स्वीकृत गरेको छ (शिक्षा मन्त्रालय, २०६७) । त्यसैका आधारमा २०६४ सालमा परीक्षणका रूपमा पाँच विकास क्षेत्रमा पाँच ओटा विद्यालयहरूबाट सुरुआत भएको माध्यमिक तहको खुला विद्यालय कार्यक्रमले सफलता पाएपश्चात् हाल ७५ ओटै जिल्लाका सामुदायिक विद्यालयहरूमार्फत ८४ ओटा खुला विद्यालयहरू सञ्चालनमा छन् (खनाल, २०७०) ।

खुला विद्यालयले कक्षा आठ उत्तीर्ण गरी बिचमा विद्यालय शिक्षालाई निरन्तरता दिन नसकेको समूहलाई पुनः शिक्षाको पहुँचभित्र समेट्ने काम गर्दछ । खुला सिकाइका लागि समयमा नै पाठ्यक्रम उपलब्ध भएमा यसले शिक्षण सिकाइ क्रियाकलापलाई सकारात्मक प्रभाव पार्दछ । विद्यालयमा प्रयोग गरिने पाठ्यक्रम र स्वाअध्ययन सामग्री पनि समयमा नै उपलब्ध गराउने व्यवस्था मिलाइएको हुन्छ ।

खुला विद्यालयमा मुख्यतयाः तत्समयमा नै प्रदान गर्ने तरिका (synchronous mode) र अन्य समयमा प्रदान गर्ने तरिका (asynchronous mode) का माध्यमबाट सिकाइ हुन्छ । पहिलोमा शिक्षक वा प्रशिक्षक र विद्यार्थी भौतिक रूपमा नै बसेर वा अन्य सञ्चारका साधन जस्तै : vertual learning environment- VLE को माध्यमबाट तत्समयमा नै पठन पाठन हुन्छ भने दोस्रोमा विद्यार्थीले अप्रत्यक्ष रूपमा अन्य फरक समयमा सहयोगी सामग्रीको सहायताबाट सिक्न सक्छन् (Common wealth of learning, 2012) ।

खुला सिकाइमा विभिन्न उमेर समूहका व्यक्तिहरू शिक्षा ग्रहण गर्न आउने गर्दछन् । त्यस कारण सबैको बुझाइ क्षमता पनि एकै प्रकारको हुँदैन । पाठ्य वस्तुलाई विद्यार्थीहरूले सरल, स्पष्ट र छिटो बुझाउनका लागि शिक्षकले यथाशक्य शिक्षण सामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने हुन्छ । आधुनिक शिक्षण सामग्रीहरूको प्रयोग गरी पढाउँदा शिक्षण सिकाइ बढी रुचिकर हुने र स्मरणीय हुन्छ । विद्यार्थीहरूले स्वाध्ययनका क्रममा नजानेका कुराहरू मोबाइल तथा टेलिफोनबाट सोधी वा कुनै कुनै विद्यार्थीले भने लामो प्रश्नको जवाफ सोध्नुपर्दा पत्राचारको प्रयोग गर्नुपर्ने हुन सक्छ । छिमेकी मुलुक भारतको National Institute of Open Schooling ले तल प्रस्तुत माध्यम अवलम्बन गरी प्रभावकारी रूपमा खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाएको छ (Pant, na) :




खुला विद्यालयमा विद्यार्थीहरूको सिकाइ कार्यलाई घरमा पनि सक्रिय बनाई राख्नका लागि गृहकार्य तथा परियोजना कार्य दिन सकिन्छ । गृहकार्यले विद्यार्थीहरूलाई अध्ययनमा सक्रिय बनाई राख्न सहयोग गर्दछ । परियोजना कार्यले आन्तरिक परीक्षाको अङ्कभार बहन गर्ने हुनाले विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कनका लागि गृहकार्य र परियोजना कार्य महत्त्वपूर्ण हुन्छ । शिक्षकहरूका अनुसार गृहकार्य तथा परियोजना कार्यको अङ्कभार ३० छुट्याइएकाले पनि यसप्रति विद्यार्थीहरू विशेष सचेत हुन्छन् ।

## शिक्षण सिकाइ क्रियाकलापमा प्रभाव पार्ने तत्वहरू

अनौपचारिक तरिकाले शिक्षा प्राप्त गर्ने विविध तौरतरिकामध्ये खुला शिक्षा पनि एक हो । खुला विद्यलायले खास गरी औपचारिक शिक्षाबाट विविध कारणले पछि परेका, बिचैमा विद्यालय छाडी एस.एल.सी. उत्तीर्ण गर्न नसकेर अप्ठ्यारोमा परेका विद्यार्थीहरूलाई समेट्ने कार्य गर्दछ । खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा तल दिइएका तत्वहरूले प्रभाव पार्ने पार्ने गरेको छ :

- **शिक्षकको कार्य दक्षता र तालिम** : खुला विद्यालयमा पढ्न आउने विद्यार्थीहरू पढाइमा निरन्तरता दिन नसकी छाडेर पुनः पढ्न आएका हुन्छन् । त्यस कारण अनुभवी र कार्यदक्ष शिक्षकको आवश्यकता पर्ने हुन्छ । स्रोत कक्षालाई प्रभावकारी बनाउन तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ ।
- **शिक्षण सामग्रीको पर्याप्तता** : खुला विद्यालयका स्रोत कक्षाहरू नियमित नखुल्ने भएकाले खुलेको दिनका कक्षालाई प्रभावकारी बनाउनका लागि अत्यधिक शिक्षण सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ जसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउँछ । शिक्षण सामग्रीको प्रयोग नगरी पढाउँदा विद्यार्थीहरूको ध्यानाकर्षण गर्न पनि गारो हुने हुन्छ तर कतिपय विद्यालयका सहज कर्ताहरूसँग विद्यालयमा शिक्षण सामग्रीहरू पर्याप्त छैनन् ।
- **विद्यार्थीको छनोट र भर्ना प्रक्रिया** : खुला विद्यालयमा कक्षा आठ पास भएको सर्टिफिकेट नै विद्यार्थी छनोट तथा भर्नाको मुख्य आधार हो । विद्याथीहरूको सङ्ख्या नै कम भएको हुनाले

भर्नाका लागि कुनै बन्देज छैन । यो केबल सबैलाई शिक्षाको पहुँचभित्र ल्याउन लचिलो ढङ्गले शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित छ ।

- **मूल्याङ्कन प्रक्रिया** : खुला शिक्षामा मूल्याङ्कन लचिलो किसिमको हुन्छ, औपचारिक विद्यालयमा जस्तो परीक्षामुखी मूल्याङ्कन प्रक्रिया हुँदैन । निरन्तर मूल्याङ्कनका साधनहरू विद्यार्थीको नियमितता, कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता, गृह कार्य तथा परियोजना कार्य, त्रैमासिक परीक्षाहरू आदिबाट मूल्याङ्कन गरिने हुनाले कक्षा उत्तीर्ण हुन सजिलो हुन्छ ।

### शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्याहरू

खुला विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप गर्दा देखा पर्ने समस्याहरूलाई विभिन्न उपशीर्षकमा तल प्रस्तुत गरिएको छ :

- **सूचना तथा सञ्चार** : खुला विद्यालयको प्रमुख अङ्ग नै सूचना र सञ्चार हो । त्यस कारण खुला विद्यालयमा सूचना र सञ्चारका लागि प्रयोग गरिने साधन चुस्त दुरुस्त हुनुपर्दछ । तर पत्रको आदान प्रदान गर्दा ढिलो पुग्ने र उत्तर पनि ढिलो आइपुग्ने हुनाले समस्या छ । कतिपय कुराहरू टेलिफोन तथा मोबाइलबाट सोध्दा कुनै समयमा सहज कर्ताको फोन नउठाउने र कुनै समयमा सोधिएको प्रश्नको जवाफ पनि नपठाउने एवम् पठाएका उत्तर पनि पर्याप्त नहुने समस्या छ भने अर्कातिर सबै विद्यार्थीले इमेल प्रयोग गर्न नजान्ने हुनाले खुला विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चारको प्रयोग प्रमुख समस्याका रूपमा रहेको छ ।
- **स्रोत कक्षा शिक्षणमा जटिलता** : खुला विद्यालयमा विभिन्न उमेरका मानिसहरू पढ्न आउने गर्दछन् । कक्षागत रूपमा सबै जना एकै भए तापनि कोही मानसिक रूपमा चलाख हुन्छन् त कोही कमजोर । ती सबै प्रकारका सबै उमेर समूहका विद्यार्थीहरूलाई एउटै कोठामा राखी पढाउन शिक्षकलाई अप्ठ्यारो पर्ने हुन्छ । सबै उमेर समूहका विद्यार्थीहरूलाई पाठ्य वस्तु एकै चोटी बुझाउन निकै गारो हुन्छ । चलाख विद्यार्थीले एक/दुई पटकमा नै बुझिहाल्छन् तर सोही विषय वस्तुमा कमजोर विद्यार्थीका लागि भने दोहोऱ्याएरै पढाउनुपर्ने हुन्छ । यसले शिक्षणमा जटिलता थपेको छ ।
- **शिक्षक तथा सहज कर्ताको गैर जिम्मेवारी** : विद्यार्थीहरूले पठाएका इमेल तथा पत्राचारहरूको समयमा जवाफ नदिने समस्या छ । यसले शिक्षक तथा सहज कर्ताको गैर जिम्मेवारी देखिएकाले खुला शिक्षाको शिक्षण सिकाइ समस्यामूलक बन्दै गएको छ ।
- **आधुनिक शिक्षण सामग्रीको प्रयोगको कमी** : खुला विद्यालयमा शिक्षकले छोटो समयको सम्पर्क कक्षामा धेरै विषय वस्तुका बारेमा स्पष्ट पार्नुपर्ने हुन्छ । यसका लागि शिक्षकले सम्पर्क कक्षा सुरु हुनु अगावै राम्रो तयारी गरी आउनु पनि उत्तिकै जरुरी हुन्छ ।
- **विद्यार्थी मिहिनेत र स्वाध्ययन नगर्ने प्रवृत्ति** : एकातिर विद्यार्थीहरूलाई आआफ्नो पेसा र कामधन्दाले गृहकार्य तथा परियोजना कार्य गर्ने समय हुँदैन भने अर्कातिर कक्षा उत्तीर्ण गर्नु र सर्टिफिकेट हात पार्ने रहेको छ । गृहकार्य तथा परियोजना कार्य गर्न दिइएका प्रश्नका उत्तरहरू, त्रैमासिक एकाइ परीक्षामा समेत सहायक शिक्षण सामग्री, गाइड, गेस पेपर आदिबाट विद्यार्थीहरूले हुबहु सारेर बुझाउने गरेका छन् । त्यसैले उनीहरूमा मिहिनेत गर्ने, अभ्यास गर्ने, स्वाध्ययन गर्ने संस्कार नै छैन ।
- **प्राविधिक दक्षता सहितको जनशक्तिमा जोड** : खुला शिक्षाको दर्शनलाई आत्मसात गरेको क्षमतावान्, योग्य लेखक, स्क्रिप्ट लेखक, श्रव्यदृश्य तथा मल्टिमिडिया, सफ्टवेयर, स्वाध्ययन सामग्री विकास गर्ने दक्ष र योग्य जनशक्तिको अभाव छ (Perraton, 2007) । शिक्षण सिकाइ प्रक्रियामा संलग्न हुने शिक्षक, प्रशिक्षकहरूमा तालिमको अभाव, दक्षताको कमी, व्यवस्थापनमा आवश्यक ज्ञन तथा सिपको कमीले गर्दा चाहे जस्तो विकास हुन सकेको छैन ।

## शिक्षण सिकाइमा देखिएका समस्या समाधानका उपायहरू

खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा विभिन्न समस्याहरू रहेका छन् । ती विविध समस्या समाधानका लागि निम्न लिखित उपायहरू अपनाउन सकिन्छ :

- **प्रभावकारी सूचना तथा सञ्चार** : खुला विद्यालयमा शिक्षण सिकाइको अभिन्न अङ्ग नै सूचना तथा सञ्चार प्रणाली हो । शिक्षकले स्रोत कक्षा सञ्चालन तथा विद्यार्थीहरूको समस्या समाधानका लागि प्रभावकारी रूपमा सूचना र सञ्चारका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ । शिक्षकले विद्यार्थीहरूले पठाएका प्रश्नको जवाफ समयमा दिने, आफ्नो इमेल दैनिक रूपमा चेक गर्ने तथा आएका प्रश्नहरूको जवाफ दिने गरेको खण्डमा समस्या समाधान हुने देखिन्छ । प्रभावकारी सूचना र सञ्चारले शिक्षक र विद्यार्थीबिचको सम्बन्धलाई सुमधुर बनाउन मद्दत गर्दछ ।
- **कम्प्युटरको आधारभूत तालिम** : विद्यार्थीका लागि स्वाध्ययनको एक महत्त्वपूर्ण साधन नै इमेल, इन्टरनेट हो तर खुला विद्यालयमा रहेका कतिपय सहज कर्ता तथा विद्यार्थीहरूले इमेल तथा इन्टरनेटको प्रयोग गर्न जान्दैनन् भने जानकारी भएकाहरूमा पनि प्रभावकारी त्यसको प्रयोग हुन सकेको छैन । त्यसैले सहज कर्ता तथा विद्यार्थीका दुवैका लागि कम्प्युटर सम्बन्धी आधारभूत तालिम दिन आवश्यक छ ।
- **सहज कर्ताहरूको जिम्मेवारीको बोध** : कतिपय अवस्थामा सहज कर्ताहरू विद्यार्थीहरूले मोबाइलबाट फोन गरी समस्या बताउँदा समयमा उत्तर नदिने, फोन रिसिभ नगर्ने, विद्यार्थीहरूले इमेलमार्फत पठाएका धेरै प्रश्नहरूको जवाफ मात्र आंशिक रूपमा दिने, नमुना उत्तरको स्वरूप नपठाउने गरेका छन् । तसर्थ उनीहरूको यस्तो गैर जिम्वेवारीपनलाई हटाउन आवश्यक छ ।
- **आधुनिक शिक्षण सामग्रीको प्रयोग** : खुला विद्यालयको स्रोत कक्षामा भिन्न भिन्न परिवेशबाट भिन्न मानसिकता भएका विद्यार्थीहरू पढ्न आउने गर्दछन् । ती सबै विद्यार्थीलाई थोरै समयमा धेरै विषय वस्तु सिध्याउनुपर्ने र शिक्षणलाई बढी प्रभावकारी बनाउनुपर्ने हुनाले आधुनिक शिक्षण सामग्रीहरू कम्प्युटर, ओभर हेड प्रोजेक्टर, टी.भी., रेडियो, एफ.एम.मार्फत् समस्या समाधान गर्नुपर्दछ ।
- **शिक्षक तथा विद्यार्थी सङ्ख्या** : कतिपय विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या अत्यन्तै न्यून छ । त्यसेले खुला विद्यालयका बारेमा प्रचार प्रसार गर्ने, रेडियो तथा टी.भी. मार्फत विज्ञापन गर्ने जस्ता कार्यमार्फत विद्यार्थीहरूको सङ्ख्यामा पनि वृद्धि गर्न सकिन्छ । धेरै विद्यार्थीहरू भएमा शिक्षण सिकाइ क्रियाकलापमा समूह निर्माण गर्न, छलफल गराउन, प्रतिस्पर्धात्मक वातावरण निर्माण गरेर पढाउन शिक्षकलाई सजिलो हुन्छ । यी क्रियाकलापहरूले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन मद्दत गर्दछ । त्यस्तै गरी विषयगत रूपमा छुट्टा छुट्टै शिक्षकको व्यवस्था हुन आवश्यक छ ।
- **प्राविधिक दक्षता सहितको जनशक्तिमा जोड** : यस क्षेत्रका लागि आवश्यक पर्ने दक्ष र योग्य जनशक्तिको अभाव रहेको छ । शिक्षण सिकाइ प्रक्रियामा संलग्न हुने शिक्षक तथा प्रशिक्षकहरूमा तालिम एवम् दक्षताको कमीले गर्दा चाहे जस्तो विकास हुन सकेको छैन । त्यसतर्फ सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ ।
- **सिकाइ केन्द्रको स्थापना** : जहाँ खुला सिकाइ पद्धतिको शैक्षिक कार्यक्रम सञ्चालन भएको हुन्छ, ती ठाउँहरूलाई सिकाइ केन्द्रका रूपमा स्थापित गर्न आवश्यक हुन्छ । ती केन्द्रहरूमा सिकाइको पहुँच, उचित भौतिक पूर्वाधार, स्रोत साधन तथा प्रविधिको व्यवस्था, पुस्तकालयको व्यवस्था, सन्दर्भ एवम् स्वाध्ययन सामग्रीको आपूर्ति योग्य र दक्ष जनशक्ति र कुशल एवम नेतृत्वदायी व्यवस्थापन हुनुपर्दछ (Rumble& Koul, 2007) ।

**निष्कर्ष**

विद्यार्थीहरू खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा आकर्षित हुनुको कारण भनेको लचिलो प्रक्रिया, सहज खालको निरन्तर विद्यार्थी मूल्याङ्कनमा आधारित परीक्षा प्रणाली, शिक्षक

विद्यार्थीको निकट सम्बन्ध हुनु लगायतलाई लिन सकिन्छ । खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको कार्य दक्षता र तालिम, शिक्षण सामग्रीको अपर्याप्तता, खुला विद्यालय सम्बन्धी विज्ञापन र प्रचार प्रसार, विद्यार्थीको भर्ना तथा छनोट प्रक्रिया आदि तत्वहरूले प्रभाव पार्ने गरेको छ । खुला विद्यालयको प्रमुख अङ्ग भनेकै सूचना तथा सञ्चारको प्रभावकारिता हो । त्यसैले सूचना तथा सञ्चारका साधनको प्रभावकारी रूपमा प्रयोग गरी विद्यालयमा भर्ना खुलेको आम जनसमुदायमा सूचना पुऱ्याउन सक्नुपर्दछ । सहज कर्ता तथा विद्यार्थीहरूका लागि स्रोत कक्षा सुरुआतको अवधिमा नै इमेल र इन्टरनेटको प्रयोगबारे आधारभूत तालिम प्रदान गर्नुपर्ने हुन्छ । आधुनिक शिक्षण सामग्रीको प्रयोगमा शिक्षकहरूलाई उत्प्रेरित गर्नुपर्दछ । त्यसैगरी ठाउँ ठाउँमा सिकाइ केन्द्रको स्थापना गर्नुपर्ने, खुला ल्याउनुपर्ने देखिन्छ । हाल भइरहेको शिक्षक तथा विद्यार्थीको सङ्ख्या वृद्धि गर्न पनि सूचना र सञ्चारका साधनलाई बढी प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

खुला सिकाइको आवश्यकता दिनानुदिन बढ्दै गइरहेको अवस्था छ भने अर्कातिर यो प्रभावकारी पनि बनेको छ । यस अर्थमा पनि हाम्रो जस्तो विकासोन्मुख देशले पनि अन्य मुलुकको अनुभवका आधारमा खुला शिक्षा पद्धतिलाई व्यवस्थित गर्नेतर्फ प्रयत्न गर्नु जरुरी हुन आएको छ । विकसित मुलुकमा खुला शिक्षा प्रभावकारी हुनमा प्रौढ सिकाइलाई खुला शिक्षामार्फत आधारभूत प्राथमिक तथा माध्यमिक शिक्षाको उपलब्धि प्रदान गरिनु, सिकाइको माध्यमका रूपमा मातृभाषालाई प्रयोग गर्नु, लचकता र आवश्यकतामा आधारित पाठ्यक्रमको निर्माण गर्नु र राजनीतिक प्रतिबद्धता एवम् इमानदारिता नै प्रमुख कारण हो । त्यसतर्फ हामीले पनि ध्यान दिन आवश्यक छ । राजनीतिक दल, विद्यार्थी सङ्गठन प्राध्यापक तथा सरोकारबालाको सहमति तथा सामूहिक प्रतिबद्धता जरुरी छ । सबैका लागि शिक्षा तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, खुबीराम (२०६७) **नेपालमा खुला विश्व विद्यालय । दुर शिक्षा : वर्ष ३ अङ्क** १२, **पृ.३७–४४**

कोइराला, विद्यानाथ (२०६८) **शिक्षामा वैकल्पिक चिन्तन (दोस्रो संस्करण) ।** काठमाडौँ : एफो–नेपाल प्रकाशन

खनाल, कुलप्रसाद (२०७०) **खुला विद्यालय सहज कर्ताको पेसागत विकाशमा इ–लर्निङ प्रयोगका सम्भावनाहरू, दुर शिक्षा वर्ष ११ अंक ११, पेज २९ –३७**

गौतम, गेहनाथ (२०६६) **समावेशीकरणको ढोका, दुर शिक्षा : वर्ष ४ अङ्क ४ पृष्ठ ३७ –४३**

थापा, ताराबहादुर (२०७०) **दुर शिक्षाको आवश्यकता र नेपालमा यसको प्रयोग, गुरुकुल वर्ष १ अङ्क ३ पृष्ठ ३८ –४०**

बराल, खगराज (२०६६) **शिक्षा नीति : सैद्धान्तिक र व्यवहारिक पक्ष, शिक्षा विकासको बहुआयामिक चिन्तन**, काठमाडौँ : सोपान प्रकाशन

शिक्षा मन्त्रालय । **खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यन्यन पुस्तिका**, (२०६७), काठमाडौँ : लेखक

Common Wealth of lerning, (2012). *Open Educational Resources (OER) for Open Teachers' Guide.* Columbia: Author

PantM.C.(na).*QualitySchoolEducationthroughOpenandDistanceLearning,(ODL).*Retribed from:wikieducator. org/images/9/99/PID_344. pdf

Perraton, H. D. (2007). *Open and distance education in the developing world. 2nd ed.* New York: Routledge

Rumble, G. and Koul, B. N. (2007). *Open Schooling for Secondary and Higher Secondary Education: Costs and Effectiveness in India and Namibia. Commonwealth of Learning: Vancouver.* Retribed from:www.col.org/SiteCollectionDocuments/Open_Schooling_Secondary_Higher_Education_071707. pdf

UNESCO (2002). *School improvement plan and itsimplementation*. Kathmandu: Author

# सामाजिक अध्ययन विषयको शैक्षिक उपलब्धि र विद्यालयका अभ्यास

देवीराम आचार्य

## लेख सार

**एसएलसी परीक्षाको नतिजा प्रकाशित हुँदा धेरै विद्यार्थी अनुत्तीर्ण भएपश्चात देशभर शिक्षा प्रणाली असफल भएको भन्नेदेखि विद्यार्थी होइन शिक्षक र त्यसका सरोकारवाला फेल भएको भन्ने जस्ता आदर्शका कुराहरू सुन्न पाइन्छ। प्रणाली र सरोकारवाला पनि फेल त भएका होलान् तर त्यसको प्रभाव भने विद्यार्थीमा मात्र परेको हुन्छ र त कतिपयले ज्यान समेत गुमाउन पुग्छन्। हामी फेल भयौं भन्ने सरोकारवालाहरूले किन फेल भयौ भनेर समीक्षा र सुधार नगर्दासम्म यसको सुधार हुने सङ्केत देखिँदैन। एसएलसी परीक्षाको ८० वर्षको इतिहास हेर्ने हो भने अधिकांश वर्षहरूको उत्तीर्ण प्रतिशत ५० प्रतिशतभन्दा न्यून रहेको पाइन्छ। १९९४, १९९७ र १९९८ मा मात्र ७० देखि ८० प्रतिशतको बिचमा रहेको छ। विद्यार्थीहरू अनुत्तीर्ण हुने विषयहरूमा अधिकांश गणित, अङ्ग्रेजी र विज्ञान रहेको पाइन्छ भने सामाजिक अध्ययन जस्ता विषयमा पनि ठुलो सङ्ख्यामा विद्यार्थी अनुत्तीर्ण हुने गर्दछन्। वि.सं. २०५६ देखि माध्यमिक तहमा अनिवार्य विषयका रूपमा शिक्षण हुन थालेको सामाजिक अध्ययन विषयमा यस वर्ष २०७० को एसएलसीमा २५.६४ प्रतिशत विद्यार्थी अनुत्तीर्ण भएका छन्। यसै सन्दर्भमा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि अवस्था र विद्यालयमा देखिएका अभ्यासमा केन्द्रित रहेर यो आलेख तयार गरिएको छ।**

## पृष्ठभूमि

विद्यालय तहको शिक्षामा विषय र पूर्णाङ्क थप्ने घट्ने क्रम विभिन्न राजनीतिक घटना क्रम र सरकार परिवर्तनसँग समेत हुने गरेको पाइन्छ। २०४७ सालको राजनीतिक परिवर्तनपश्चात गठन गरिएको राष्ट्रिय शिक्षा आयोगको सिफारिसअनुसार शिक्षा प्रणाली, विद्यालयमा पढाइने विषय र पाठ्यभार तथा पूर्णाङ्कमा समेत परिवर्तन गरियो। यस्तै परिवर्तनकै क्रममा वि.सं २०५६ बाट माध्यमिक तहमा पहिलेको ७०० पूर्णाङ्कको सट्टा ८०० पूर्णाङ्क बनाइयो र सामाजिक अध्ययन विषयलाई अनिवार्य विषयका रूपमा पठन पाठन सुरु गरियो (पा.वि.के., २०५६)। सामाजिक अध्ययनलाई माध्यमिक तहमा अनिवार्य विषय पठन पाठनको सुरु गर्दाका बखत त्यो विषय शिक्षण गर्नका लागि आवश्यक पर्ने जनशक्तिका बारेमा कुनै ध्यान दिएको देखिएन।


सामाजिक अध्ययन विषय आफैँमा विभिन्न विषय क्षेत्रहरूको एकीकृत विषय हो। यसको प्रकृति नेपाली, गणित, अङ्ग्रेजी विषयको जस्तो हुँदैन तर पनि यो विषय अध्यापन गर्ने शिक्षक कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरेको भए हुने भनिनु भने आफैँमा त्रुटिपूर्ण देखिन्छ। शिक्षकको योग्यता निर्धारण गर्दा सामाजिक अध्ययन विषय क्षेत्रभित्र पर्ने केही मुख्य विषयहरू (राजनीति, अर्थशास्त्र, भूगोल, इतिहास, समाज शास्त्र, जनसङ्ख्या अध्ययन, नागरिक शिक्षा) मध्ये कुनै एक विषय अध्ययन गरेको भन्नुपर्नेमा जुनसुकै विषयमा स्नातक गरेको व्यक्ति (शिक्षा नियमावली २०५९) भनिनुले यस विषयको शिक्षण सिकाइलाई महत्त्व नदिएको हो कि भन्न सकिन्छ। सामाजिक अध्ययनको विषय वस्तुसँग परिचित नै नभएका व्यक्तिलाई त्यस विषयको शिक्षक बनाइनु, विद्यालयमा त्यो विषयको पठन पाठन र विद्यार्थीको सिकाइ उपलब्धिलाई ध्यान नदिएको हो कि भन्न सकिन्छ।

## सामाजिक अध्ययनको सिकाइ उपलब्धि अवस्था

२०७० सालको एएएलसी परीक्षामा सामाजिक अध्ययन विषयमा अनुत्तीर्ण हुने विद्यार्थी प्रतिशत २५.६४ (कान्तिपुर, जेठ ३१) रहेको छ। गत वर्ष यसको प्रतिशत २८.७१ रहेको थियो। २०६९ मा फेल हुने २८.७१ प्रतिशत विद्यार्थीमध्ये ९.५७ प्रतिशत विद्यार्थीले १०० पूर्णाङ्कमा १५ भन्दा पनि कम नम्बर ल्याएर फेल भएको देखिन्छ (Statistics, 2069, p.13)। परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त

जानकारीअनुसार यस वर्ष (२०७०) मा मात्र सामाजिक अध्ययन विषयमा अनुत्तीर्ण भएर १७१६४ विद्यार्थीहरू पूरक परीक्षामा समावेश हुँदै छन् ।

विगत ५ वर्षको सामाजिक अध्ययन विषयको एसएलसी परीक्षामा विद्यार्थीले प्राप्त गरेको औसत सिकाइ उपलब्धिलाई हेर्ने हो भने उपलब्धि स्तर क्रमशः घट्दो क्रममा रहेको छ, जसलाई तलको ग्राफमा प्रस्तुत गरिएको छ :




(स्रोत : परीक्षा, २०६९, पृ.सं. १५९)

विगत पाँच वर्षमा सामाजिक अध्ययन विषयको औसत सिकाइ उपलब्धि क्रमशः घट्दो क्रममा रहेको छ । विभिन्न समयमा भएका सामाजिक अध्ययनका उपलब्धि परीक्षणहरूमा पनि यसको उपलब्धि अवस्था सन्तोषजनक रहेको देखिँदैन । वि.सं. २०६७ मा EDSC ले गरेको कक्षा १० को उपलब्धि अध्ययनमा यसको औसत उपलब्धि अत्यन्त न्यून २३.७ (पेज. ५) पाइएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रअन्तर्गत विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण एकाइबाट २०६८ मा भएको कक्षा ८ को सामाजिक अध्ययन विषयको उपलब्धि परीक्षणमा यसको औसत सिकाइ उपलब्धिको अवस्था पनि ५० प्रतिशतभन्दा न्यून (४९) रहेको छ (ERO, 2013, p. 9) ।

विद्यार्थीको दैनिक जीवन व्यवहार, समाज, समाजमै भएका धर्म संस्कृति, चालचलन, ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल र विकासका पूर्वाधार एवम् राजनीतिका समसामयिक विषयको अध्यापन हुने सामाजिक अध्ययन विषयमै २५ प्रतिशतभन्दा बढी विद्यार्थी एसएलसी परीक्षामा असफल हुने र औसत उपलब्धिसमेत क्रमशः घट्दै गएको अवस्थामा यो साझा चिन्तनको विषय हुनु जरुरी छ ।

**सामाजिक अध्ययनको पाठ्यक्रम**

सामाजिक अध्ययनमा उच्चतम अङ्क प्राप्त गर्नमा विषयको विविधताले केही कठिनाइ भए तापनि उत्तीर्ण हुने अङ्क ३२ ल्याउनमै कठिन हुने अवस्थामा सामाजिक अध्ययन विषयका विषय वस्तु देखिँदैनन् । हामी, हाम्रो समुदाय र राष्ट्र, विकासका पूर्वाधारहरू, सामाजिक समस्या र समाधान, नागरिक चेतना जस्ता पाँच ओटा पाठहरूको विषय वस्तु हेर्दा यी अत्यन्तै सरल पाठहरू रहेका छन् । त्यसैगरी हाम्रो विगत र आर्थिक क्रियाकलाप मध्यम स्तरका पाठहरू हुन् । त्यस बाहेक हाम्रो पृथ्वी र अन्तर्राष्ट्रिय सम्बन्ध विद्यार्थीहरूले केही जटिल मान्ने पाठहरू हुन् । यदि दक्ष शिक्षकबाट प्रभावकारी ढङ्गले शिक्षण सिकाइ सञ्चालन गर्ने र पाठ्य पुस्तकमा मात्र आधारित भएर ज्ञान तहका प्रश्न मात्र सोध्ने पद्धतिलाई मात्र परिवर्तन गर्न सकियो भने सामाजिक अध्ययन विषयमा अनुत्तीर्ण हुने विद्यार्थी प्रतिशत केही हदसम्म कम गर्न सकिन्छ । पाठ्यभारकै हिसाबले हेर्दा पनि सजिला मान्ने पाँच ओटा पाठको पाठ्यभार ४८ रहेको छ भने मध्यम खालका २ पाठको पाठ्यभार २८ रहेको छ (पा.वि.के.

२०६४, पृ.सं. ५१) । यी दुईखाले पाठको ७६ प्रतिशत पाठ्यभारमा विद्यार्थीलाई दक्ष बनाउन सक्ने हो भने विद्यार्थी अनुत्तीर्ण हुने समस्या न्यून हुन सक्छ । तर हाम्रा विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा केही निश्चित पाठहरूमा Mastery learning को साटो पाठ पढाएर सक्ने कुरामा मात्र ध्यान दिएको पाइन्छ ।

सामाजिक अध्ययन विषय शिक्षण गर्नका लागि नियुक्त गरिने शिक्षक कम्तीमा सामाजिक अध्ययन विषयका क्षेत्रभित्रबाट (अर्थशास्त्र, राजनीति शास्त्र, इतिहास, भूगोल, समाज शास्त्र) मात्र नियुक्त गर्ने व्यवस्था हुन सकेमा पनि सामाजिक अध्ययनको सिकाइ उपलब्धि स्तरमा केही हदसम्म सुधार हुन सक्ने देखिन्छ । माध्यमिक विद्यालय खोल्ने क्रममा देखिएको तीव्रता र माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी राज्यका तर्फबाट उपलब्ध गराउन नसकेको अवस्थामा सामाजिक अध्ययन विषय पढाउने शिक्षकको शैक्षिक योग्यता, तालिम, अनुभव र दक्षता जस्ता कुराहरूले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देख्न सकिन्छ ।


**विद्यालयमा सामाजिक अध्ययनको शिक्षण सिकाइ प्रक्रिया**

नुवाकोट जिल्लाबाट शैक्षिक वर्ष २०६९ मा एसएसलसी परीक्षामा सहभागी भएका ९८ सामुदायिक विद्यालयमध्ये सामाजिक अध्ययन विषयमा उच्चतमदेखि न्यूनतमसम्मको उपलब्धि हासिल गर्ने २० ओटा विद्यालयको भ्रमण गर्ने क्रममा लेखकले भेटेका र अनुभव गरेका केही तथ्यहरूलाई यहाँ प्रस्तुत गर्न खोजिएको छ । सामुदायिक विद्यालयमा सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ क्रियाकलाप अत्यन्त कमजोर अवस्थामा रहेका अनुभव भ्रमणका क्रममा पाइएको थियो । बाल विकास कार्यकर्ताका रूपमा विद्यालयमा नियुक्ति भएर मासिक ३ हजार तलबमा माध्यमिक तहको सामाजिक अध्ययन विषय शिक्षण गरिरहेको शिक्षकबाट सामाजिक अध्ययन विषयमा कुन स्तरको नतिजा आस गर्न सकिएला । नुवाकोट जिल्लामा मात्र हेर्दा २०५९ देखि २०६९ सम्म १० वर्षको अवधिमा माध्यमिक विद्यालयको सङ्ख्या ९० प्रतिशतले वृद्धि भएको छ (शिक्षा विभाग, २०१३) । यस अवधिमा माध्यमिक तहमा विषयगत शिक्षकको हिसाबले एउटा शिक्षक पनि उपलब्ध भएको छैन । माध्यमिक विद्यालयमा वितरण गरिएको राहत दरबन्दीहरूमा विषय किटान नगरिएकाले व्यवस्थापन समिति तथा राजनीतिक दलले आफूले नियुक्त गर्न चाहेको व्यक्तिको विषय मिल्ने गरी विषय निर्धारण गरेको समेत भेटन सकिन्छ । कुनै पनि विषयमा विद्यार्थीको राम्रो सिकाइ उपलब्धि हासिल गराउन विषयगत शिक्षक र उक्त शिक्षकको विषय वस्तुमा भएको दक्षता, पेसाप्रतिको उत्प्रेरणा र विद्यालयको समग्र वातावरणले महत्त्वपूर्ण भूमिक खेल्छ ।

माध्यमिक तहमा अध्यापन गर्नका लागि न्यूनतम योग्यता स्नातक तह उत्तीर्ण गरेको भन्ने व्यवस्था भए तापनि अत्यन्तै कमजोर आर्थिक अवस्था भएका माध्यमिक विद्यालयले शिक्षक व्यवस्थापन गर्न सकेका छैनन् । विद्यालय कर्मचारीका रूपमा काम गर्न नियुक्त गरिएका कर्मचारीदेखि एसएलसी मात्र योग्यता भएका प्राथमिक तहका शिक्षकहरू र उच्च माध्यमिक तहमा नियुक्त भएका व्यवस्थापन विषय अध्ययन गरेका शिक्षकले आंशिक शिक्षकका रूपमा समेत सामाजिक अध्ययन शिक्षण गरिरहेको अवस्था भेट्न सकिन्छ । यस्तो अवस्थामा न त शिक्षकले चाहेर नै विद्यार्थीको सिकाइ उपलब्धि बढाउन सम्भव छ न त उच्च उपलब्धिको अपेक्षा गर्नु नै सार्न्दभिक हुन सक्छ ।

सामाजिक अध्ययन विषयमा प्रयोग हुने शैक्षिक सामग्रीको दृष्टिले हेर्दा सामाजिक अध्ययनमा नेपालको वर्तमान संविधान र संवैधानिक विकास क्रम तथा मौलिक हक, निर्वाचन प्रणाली, राजनीतिक दल, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकको गठन प्रक्रिया, संवैधानिक अङ्गहरू तथा मानव अधिकारको विषय वस्तु निर्धारण गरिएका छन् तर यी सबै विषय वस्तु पढाउनका लागि आवश्यक पर्ने नेपालको अन्तरिम संविधान २०६३, लेखकले भ्रमण गरेका २० विद्यालयमध्ये एउटामा मात्र पाइयो । उक्त विद्यालयमा पनि त्यसको उपयोग भएको देखिएन । यस्तो अवस्थामा कुनै पनि विद्यालयका विद्यार्थीले पाठ्य पुस्तकमा दिइएको भन्दा थप सिक्ने सम्भावना अत्यन्त कम देखिन्छ । यो त एउटा

प्रतिनिधि उदाहरण मात्र हो । सामाजिक अध्ययन विषयको शिक्षणमा उपयोग हुने नक्साहरू अधिकांश विद्यालयमा भेट्न त सकिन्छ तर तिनीहरूको प्रयोगको दृष्टिबाट हेर्ने हो भने अत्यन्त नाजुक अवस्था भेट्न सकिन्छ । भ्रमण गरिएका २० विद्यालयमध्ये अधिकांशमा ५ देखि ७ ओटासम्म नक्साहरू भेटिएका थिए तर प्रयोगका हिसाबले हेर्दा प्रभावकारी उपयोग भएको छ भन्ने अवस्था भेट्न कठिन भयो । एउटा विद्यालयमा कतै कुनामा थन्काएर राखिएका नक्साको सन्दर्भमा जिज्ञासा राख्दा सामाजिक विषय शिक्षण गर्ने शिक्षकले नै इमानदारपूर्वक प्रयोग गर्ने गरेको छैन भनेर दिनुभएको जवाफ पनि प्रतिनिधि उदाहरण हुन सक्छ । एउटा विद्यालयमा कार्यालयको भित्तामा टासिएको नक्सामाथि विद्यालयको दैनिक कार्य तालिका रहेको थियो भने अर्को एउटा विद्यालयमा भित्तामा टाँसिएको नक्सा दराजले ढाकिएका कारण नक्सा हो भन्ने थाहा पाउन सकिन्छ तर केको नक्सा हो भन्ने थाहा नपाउने अवस्थामा रहेको पाइयो । शैक्षिक सामग्री उपलब्ध नहुनु एउटा समस्या हो तर भएकै सामग्रीको पनि प्रभावकारी प्रयोग हुन सकेको अवस्था छैन ।



(तस्बिर : देवीराम आचार्य, २०७०)

विद्यालय भ्रमण गर्ने क्रममा दुई ओटा विद्यालयमा गरिएको कक्षा अवलोकनका आधारमा हेर्दा सामाजिक अध्ययन विषयमा हुने कक्षाकोठाको सिकाइ कुनै सामग्रीको प्रयोगबिना पूर्ण रूपमा lecture method मा मात्र आधारित रहेको देखियो । छलफल, प्रश्नोत्तर, गृहकार्य जस्ता कुनै पनि क्रियाकलापहरूको सञ्चालन नगरी गरिएको शिक्षणबाट विद्यार्थीहरूले केही सिक्न सके वा सकेनन् भन्ने कुनै आधार थिएन । शिक्षण सिकाइ क्रियाकलापमा भएका विभिन्न कमजोरीका कारण सामाजिक अध्ययनका विषय वस्तुहरू जटिल विषय वस्तुका रूपमा प्रस्तुत भएका छन् ।

## सुधार गर्न सकिने क्षेत्रहरू र भावी दिशा

सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा सुधार गर्न गणित, विज्ञान, अङ्ग्रेजी जस्ता विषयमा जस्तो कठिन हुने अवस्था छैन किनकि यो विषयका विषय वस्तु अधिकांश विद्यार्थीका दैनिक जनजीवन र उनीहरूको सामाजिक, आर्थिक परिवेशसँग मेल खाने देखिन्छन् । सामाजिक अध्ययन विषयअन्तर्गत सुधार गर्न सकिने क्षेत्रहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. पाठ्यक्रमले प्रत्येक पाठमा पढाउने कुराहरू निश्चित गरिदिनेभन्दा पनि सिकाइ उपलब्धिको विस्तृतीकरण प्रदान गरेर पाठअनुसार विषय वस्तुमा लचकता प्रदान गर्नु आवश्यक छ ।
२. कक्षा १० मा अध्ययन गर्ने १४ वर्ष मात्र पुगेका विद्यार्थीका लागि संविधान, राज्य व्यवस्था, न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका जस्ता विषयहरूका बारेमा जान्नु आवश्यक छ कि छैन भन्ने सन्दर्भ पनि महत्त्वपूर्ण बहसको विषय हुन सक्छ । यसका आधारमा विषय वस्तुको क्षेत्र र क्रममा पुनरवलोकन गर्नु आवश्यक देखिन्छ ।
३. सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकको योग्यता कुनै पनि विषयमा स्नातक गरेको भन्नुको साटो सामाजिक अध्ययन विषयका क्षेत्रहरूमध्ये कुनै एकमा गर्न सकिएकामा यसको उपलब्धि अवस्थामा सुधार गर्न सकिन्छ ।
४. यस विषयको तालिममा विषयवस्तुलाई जोड नदिई शिक्षण सिकाइ क्रियाकलाप र सामग्री निर्माण र प्रयोग गर्ने सिपमा केन्द्रित गर्नेतर्फ ध्यान दिनु आवश्यक छ ।
५. विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई क्रियाकलाप केन्द्रित बनाउने र शैक्षिक सामग्रीको व्यवस्था तथा प्रयोगमा ध्यान दिनु आवश्यक छ ।

६. शिक्षक छनोटका क्रममा पाठ्यक्रम र विषय वस्तुको ज्ञानभन्दा पनि विषय वस्तुप्रतिको बुझाइ र शिक्षण सिकाइ क्रियाकलाप तथा सामग्रीको प्रयोग सिपसँग सम्बन्धित हुने गरी समायोजन गरिनुपर्छ ।
७. सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकमा हुनुपर्ने केही आधारभूत सक्षमताहरू निर्धारण गर्ने तथा त्यसका लागि सघन रूपमा विभिन्न तालिमहरूको व्यवस्था पनि प्रभावकारी हुन सक्छ ।
८. हरेक जिल्ला तथा स्रोत केन्द्र स्तरमा सामाजिक विषयमा सबैभन्दा उच्चतम सङ्ख्यामा विद्यार्थी उत्तीर्ण गराउने तथा उच्चतम उपलब्धि हासिल गराउने शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था उपयोगी हुन सक्छ ।

## निष्कर्ष

अनिवार्य विषयका रूपमा अध्ययन अध्यापन हुने र २०७० सालकै एसएलसी परीक्षामा २५ प्रतिशतभन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएको विषय सामाजिक अध्ययनको शिक्षण सिकाइमा भएको कमजोरीले यो विषय विद्यार्थीका लागि जटिल र सिकाइ उपलब्धिको हिसाबले न्यून भएको देख्न सकिन्छ । जुनसुकै विषयमा स्नातक उत्तीर्ण गरेका व्यक्ति यो विषय शिक्षणका लागि योग्य हुने प्रावधान नै त्रुटिपूर्ण देखिन्छ भने विद्यालयमा यो विषयसँग सम्बन्धित शैक्षिक सामग्रीको अभाव र भएका सामग्रीको पनि प्रभावकारी प्रयोग नभएको अवस्था देख्न सकिन्छ । आवश्यकताभन्दा पनि रहरका कारणले माध्यमिक विद्यालय खुल्ने क्रम बढ्दो रहेको र दक्ष विषयगत शिक्षकको व्यवस्था गर्न विद्यालयका लागि कठिन हुने अवस्थामा सामाजिक अध्ययनलगायत अन्य विषयहरूमा पनि विद्यार्थीको सिकाइ स्तर सुधार गर्न तथा समग्र उत्तीर्ण प्रतिशत माथि उकास्न कठिन नै देखिन्छ । प्रभावकारी शिक्षण सिकाइ र सिकाइ उपलब्धिका लागि दक्ष शिक्षकको व्यवस्था नै पहिलो र प्रमुख सर्त हो । दक्ष शिक्षकले मात्र अन्य सबैखाले समस्याको समाधानसँगै प्रभावकारी शिक्षण सञ्चालन गर्न सक्छ । यसका लागि पेसागत उत्प्रेरणा, यथोचित पारिश्रमिक र दण्ड पुरस्कारको प्रभावकारी व्यवस्था गर्नु जरुरी छ ।

## सन्दर्भ सामग्री


पाठ्यक्रम विकास केन्द्र (२०५६) **माध्यमिक शिक्षा पाठ्यक्रम**, सानोठिमी : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) **माध्यमिक शिक्षा पाठ्यक्रम**, सानोठिमी : लेखक ।

परीक्षा नियन्त्रण कार्यालय (२०६९) **परीक्षा वर्ष २, अङ्क १**, सानोठिमी : लेखक ।

शिक्षा विभाग (२०६९) **फ्ल्यास प्रतिवेदन २०१२/१३**, सानोठिमी : लेखक ।

नेपाल सरकार । **शिक्षा नियमावली (२०५९ संशोधनसहित) ।** काठमाडौं : नेपाल कानुन किताब व्यवस्था समिति ।

**कान्तिपुर दैनिक (जेठ ३१, २०७१)**, काठमाडौं : कान्तिपुर पब्लिकेसन प्रा.लि.

Office of the Controller of Examinations, (2069). *Statistics 2069.* Bhaktapur : Author.

Education Review Office, (2013). *National Assessment of student Achievement 2011 Grade 8.* Bhaktapur : Author.

Education Development and Service Centre, (2011). *National Assessment of Grade 10 Students 2011.* Kathmandu : Author